नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पी.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार विभाग ई.पी.एस. कोरिया शाखा

मितिः- २०८०/०३/१०

कोरिया रिटर्नीहरुको माग सम्बोधन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा रोजगार अनुमति प्रणाली मार्फत द. कोरियामा एक कार्यकाल पुरा गरी फर्किई पुनः UBT परिक्षा उत्तिर्ण गरी रोष्टरमा नाम समाबेस भई हालसम्म छनौटमा पर्न नसकेका नेपाली कामदारहरुको मिती २०८०/०३/१० गते यस कार्यालयलाई सम्बोधन गरी पेश गरेको ज्ञापनपत्रका सम्बन्धमा यस शाखाको ध्यानाकर्षण भएको छ । सो ज्ञापनपत्रमा उल्लेखित मागका सम्बन्धमा यस शाखाबाट देहाय बमोजिम पहल गर्ने ब्यहोराको प्रतिबध्दता जाहेर गर्दछौ ।

१) हाल रोष्टरमा भएका रिटर्नी कामदारहरुको अधिकतम छनौट नभए सम्म नयाँ भाषा परिक्षा संचालन हुन उपयूक्त नहुने ब्यहेरा HRD Service Of korea लाई लिखित जानकारी पठाउने,

२) कामदार छनौट गर्दा First come First Service को आधारमा रोजगारदाता बाट छनौट प्रकृया संचालन गर्न HRD Service Of korea लाई अनुरोध गर्ने,

३) रिटर्नी कामदारहरुको देखिएका समस्या एवं महिलाहरुको कम छनौट भएको बिषय समेत समाधानको लागि यस शाखाबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत दक्षिण कोरिया सरकार समक्ष कुटनैतिक पहल गर्न अनुरोध गर्ने,

४) UBT परिक्षा उत्तिर्ण गरी रोष्टरमा समावेश भएका कोरिया रिटर्नीहरुको नाम निजले अन्तिममा काम गरेको कम्पनिमा सिफारिस गरी पठाउन मिल्ने ब्यबस्था मिलाउन HRD Service Of korea लाई अनुरोध गर्ने ,

५) शिपबिल्डिङ्ग क्षेत्रमा ज्यादै न्यूनमात्रामा छनौट भएमा निजहरुलाई पुनः उत्पादनमूलक क्षेत्रमा परिबर्तन गर्न पाउने ब्यबस्था मिलाउन HRD Service Of korea लाई अनुरोध गर्ने

( पुष्पराज कट्वाल )
निर्देशक